# प्रदेश लोक सेवा आयोग

कोशी प्रदेश, विराटनगर, नेपाल

सूचना नं २८४/२०८१-०८२

प्रदेश लोक सेवा आयोग कोशी प्रदेश विराटनगर, नेपाल

## घरभाडा लिने सम्बन्धी १५ दिने सूचना

प्रथम पटक प्रकाशित मितिः-२०८१/१२/४

प्रदेश लोक सेवा आयोग, कोशी प्रदेश, विराटनगरमा आवास प्रयोजनको लागि तपशिलमा उल्लेखित व्याहोरा बमोजिमको घर भाडामा लिनु पर्ने भएको हुँदा इच्छुक घरधनीबाट यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र यस कार्यालयको कार्यालय समयभित्र आईपुग्ने गरी आफुले दिन सक्ने बहाल दररेट खुलाई घरधनीको नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि, घरधनीको जग्गा धनिपूर्जाको प्रतिलिपि, घरनक्सा पास निर्माण कार्य सम्पन्न प्रमाणपत्रको प्रतिलिपि र घरजग्गा सम्बन्धी कर भुक्तानी गरेको कागजातहरुको प्रतिलिपि सहित रितपूर्वक निवेदन आव्हान गरिन्छ ।

<u>तपसिलः-</u>

१. विराटनगर महानगरपालिका वडा नं. ३ वा ४ मा आयोगको कार्यालयदेखि ४ कि.मि.भित्र (उत्तरमा ढाँट देखि दक्षिणमा आयल निगम सम्म पूर्वमा पुष्पलाल चौक देखि पश्चिममा नहर) सम्मको आसपासमा।

२. धारा, पानी र विजुलीको मिटर जडान भएको।

३. बहाल दिन चाहेको घरमा कम्तिमा २ तलाको ८ कोठा भन्दा बढी हुनु पर्नेछ।

४. बहाल दिने घरको क्षेत्रफल २ तलाको २००० वर्ग फिट भन्दा बढी भएको।

५. आफुले घरभाडा दिन चाहेको घर जग्गा के कति भाडामा दिन सकिने हो? मासिक र बार्षिक रकम अंक र अक्षरमा स्पष्ट रुपमा उल्लेख भएको हुनुपर्नेछ।

६. नियमानुसार घरवहाल कर लाग्नेछ।

७. घरधनीको नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि, घरधनीको जग्गा धनिपूर्जाको प्रतिलिपि, स्वीकृत घरनक्साको निर्माण सम्पन्न प्रमाणपत्रको प्रतिलिपि र घरजग्गा सम्बन्धी कर भुक्तान गरेको कागजातहरुको प्रतिलिपि सहितको निवेदन पेश गर्नुपर्नेछ ।

८. प्राप्त भएको घरभाडाको निवेदन स्वीकृत गर्ने वा नगर्ने वा रद्द गर्ने अधिकार यस कार्यालयमा निहित रहनेछ।

९. अन्य थप जानकारीका लागि कोशी प्रदेश लोक सेवा आयोग, विराटनगरमा उपस्थित भई वा कार्यालयको टेलिफोन नं. ०२१-४६१४९५ मा सम्पर्क गरी जानकारी लिन सकिनेछ।

**नोटः- तपशिलको बुदा नं. १ मा कार्यालयदेखि ४ कि.मि. भित्र हुनुपर्नेमा अन्यथा भएकोले सच्याइएको।**

१२/०४

उपसचिव

☎: ०२१-४२२०७५ ✉: koshipsc@gmail.com psc.koshi.gov.np